नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, जुम्ला

(कार्यक्षेत्र : जुम्ला/कालिकोट)

पत्र संख्याः- ०७९/८०

चलानी नं.:-

## उच्च घनत्वमा लगाइने स्याउको बिरुवा आपूर्तिकर्ताहरुलाई सूचीकृत हुने बारे सूचना !

सुचना नं. ०६/२०७९/८०

सूचना प्रकाशित मिति : २०७९/०७/०३

प्रस्तुत बिषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, जुम्लाको चालु आ.व. २०७९/८० को स्वीकृत बार्षिक बिकास कार्यक्रम अनुसार उच्च घनत्वको स्याउ बगैचा स्थापनाका लागि ५०% अनुदानमा स्याउका बिरुवा वितरण गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक आधिकारिक रुपमा दर्ता भएका फलफूल बिरुवा आपूर्तिकर्ताहरुले बिरुवाको जात र अन्य विवरण उल्लेख गरि यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तपसील बमोजिमका कागजात सहित परियोजना कार्यान्वयन एकाइ, जुम्लामा सूचीकृत गर्नुहुन वा यस इकाईको ईमेल ठेगाना pmamp.piu.jumla@gmail.com मा पठाउन हुन यो सूचना प्रकाशित गरिएको छ । साथै बिरुवाको जात, Specification र अन्य फारमहरु यस कार्यालयको **Websites: https://piujumla.pmamp.gov.np** बाट लिन सकिनेछ ।

तपसील

१. कानूनी कागजातहरु (संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिबृद्धि, कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र अन्य सपोर्टिङ कागजात)

२. बिगतका बर्षहरुमा बिरुवा आयात गरेको प्रमाण, बिरुवाको श्रोत तथा अनुभव सम्बन्धी कागजात (भएमा)

३. संस्थाको बिगत तीन बर्ष देखिको Balance Sheet, Income statement, Average annual turnover etc.

जोगेन्द्र कान्दु

कार्यालय प्रमुख

निर्णयहरु:

१.स्याउको जात Golden Delicious, Red Delicious, Gala, Fuji र Red Jonaprince हुनुपर्नेछ । यी जातहरु मध्ये Red Delicious, Gala र Fuji लाइ परागसेचनको लागि आवश्यक पर्ने Golden Delicious को जात कम्तीमा १० प्रतिशत हुनुपर्नेछ र Red Jonaprince लाइ परागसेचनको लागि आवश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनुपर्नेछ । अन्य उपरोक्त जातहरुको संख्या स्थानीय जिल्लाको माग अनुसार तय गर्न सकिनेछ ।

२.स्याउ कलमी बिरुवाको Rootstock को जात M9 हुनुपर्नेछ ।

३.उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planting को लागि 1m× 3m Spacing मा आधारित व्यवसायिक स्याउ खेतीको लागि उपयुक्त हुनुपर्नेछ ।

४. उपरोक्त Scion र Rootstock का varieties र strains समेतको catalogue तथा ति जातहरुको Pest List (Tolerant/Resistant/Susceptible to different Insect Pests and Diseases) को विवरण समेत संलग्न गरेको हुनुपर्नेछ ।

५.बिरुवो उचाइ १.७ देखि २.२ मिटर सम्मको हुनुपर्नेछ ।

६. प्रत्येक स्याउका कलमी बोट प्रशस्त जरा भएको हुनुपर्नेछ र ति जराहरु पुर्णरुपले माटो रहित र स्वस्थ हुनुपर्नेछ ।

७ अगुवा हाँगा (Leader) सोझो, नभाँचिएको, कोपिलाहरु पुष्ट भएको र vigorous growth भएको बोट हुनुपर्नेछ ।

८. अगुवा हाँगा (Leader) लाइ प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको हुनुपर्नेछ ।

९ .१२ देखि २५ से.मि.लामो कम्तीमा ६ वटा फल्ने हाँगाहरु (Feather Branches) भएको हुनुपर्नेछ ।

१०. फल्ने हाँगाहरु (Feather Branches) जमिनको सतहदेखि ६० से.मि.को उचाइबाट पलाएको हुनुपर्नेछ । जमिनको सतहबाट ६० से.मि सम्म एउटा पनि फल्ने हाँगा (Feather Branch) नभएको हुनुपर्नेछ ।

११. अगुवा हाँगा (Leader) को चारैतिरबाट Regular Intervals मा फल्ने हाँगाहरु (Feather Branches) आएको हुनुपर्नेछ र फल्ने हाँगाहरु (Feather Branches) अगुवा हाँगा (Leader) बीचको Crotch Angle ४५ डिग्री भन्दा कम नभएको हुनुपर्नेछ ।

१२.स्याउका कलमी बिरुवाहरु Quarantine Pest Free भएको बिरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ बिरुवा ढुवानीको समयमा पेश गर्नुपर्नेछ ।

१३. स्याउका कलमी बिरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेबल राखेर १०-१० वटा बिरुवाको Bundle बनाइ प्याकिङ्ग गर्नुपर्नेछ । त्यसरी प्याक गरिएका स्याउका कलमी बिरुवाहरु Refrigerated Container मा ढुवानी गर्नु पर्नेछ र तोकिएको अन्तिम स्थान सम्म नै Refrigerated Container मा नै ढुवानी गरी पुऱ्याउनु पर्नेछ ।

१३. अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका कलमी बिरुवाहरु unload गरि सकेपछि स्याउ बगैचा स्थापना गर्ने स्थानसम्म स्याउ बिरुवाहरु ढुवानी गर्दा भिजेको स्थानीय झ्याउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानीय झ्याउले प्याकिंग गर्नु पर्नेछ । स्याउको बिरुवाहरु सुख्न नदिन झ्याउलाइ समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नुपर्नेछ । स्याउको भारी बिसाउँदा चिसो वा छायाँ परेको ठाउँमा स्याउको भारी बिसाउनु पर्नेछ । गाडी चल्ने स्थानमा सकेसम्म गाडीबाट र अन्य स्थानमा जुनसुकै साधन (भरिया, खच्चड आदि) बाट स्याउ बिरुवाहरु ढुवानी गर्दा स्याउ बिरुवाहरुमा कुनैपनि अवस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्वक ढुवानी गर्नु पर्नेछ ।